दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्भनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक १६८ | बुटवल | २०८२ जेठ ३१, गते शनिबार | नेपाल संवत ११४५ | Saturday June.14, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## माओवादीले सत्तासँग आत्मसमर्पण गऱ्यो : राप्रपा

बुटवल । भिजिट भिसा प्रकरणमा अवरुद्ध प्रतिनिधिसभा सञ्चालनका विषयमा प्रमुख प्रतिपक्षी दल माओवादी केन्द्रले सत्तारुढ दल नेपाली कांग्रेस र नेकपा एमालेसँग गरेको सम्झौतालाई आत्मसमर्पण गरेको टिप्पणी राप्रपाका अध्यक्ष राजेन्द्र लिङदेलले गरेका छन् । उनले माओवादीले वीरतापूर्वक आत्मसमर्पण गरेको टिप्पणी गरेका हुन् ।

'१८ दिनदेखिको नाटक देखिरहेका छौं । प्रमुख प्रतिपक्षी दलका नेताले वीरतापूरवक आत्मसमर्पण र वीर्तापूर्वक पछि हटेको सुन्न पाइयो,' उनले भने-'हुने नै यही थियो । गणतन्त्रको रक्षाका लागि, तर होइन लुटतन्त्रको रक्षाका लागि यो समझदारी भएको हो भन्ने कुरा आम जनताले बुझिरहेका छन् ।' राप्रपाका प्रवक्ता ज्ञानेन्द्रबहादुर शाहीले माओवादीले अग्निप्रसाद सापकोटामाथिको मुद्दासँग गृहमन्त्री रमेश लेखकको राजीनामाको मागबाट पछि हटेर राजनीतिक सौदाबाजी गरेको टिप्पणी गरेका छन् ।

लिङ्देनअघि माओवादीका प्रमुख सचेतक हितराज पाण्डेले सम्बोधन गरेका थिए । सत्तारुढ दल र माओवादीले दुई बुँदे सहमति गरेपछि रास्वपा र राप्रपाको विरोधका बाबजुद सदन सञ्चालन भएको हो ।

## भिजिट भिसामा संलग्न नभएको गृहमन्त्रीको जिकिर

बुटवल । गृहमन्त्री रमेश लेखकले भिजिट भिसा प्रकरणमा आफ्नो कुनै संलग्नता नरहेको दाबी गरेका छन् । शुक्रबारको प्रतिनिधिसभाको बैठकमा रास्वपा र राप्रपाका सांसदको विरोध कायमै हुँदा सभामुख देवराज घिमिरेले लेखकलाई बोल्ने समय दिएपछि उनले आफूविरुद्ध षड्यन्त्र गरेर राजनीतिक जीवन सिध्याउन खोजिएको बताएका हुन् ।

'विगत केही दिनदेखि पत्रपत्रिका, सामाजिक सञ्जाल र केही माननीयले उठाउनु भएको कुरामा सार्वभौम ठाउँमा जवाफ दिन उपयुक्त ठानेर समय मागेको थिएँ । समयको लागि आभार व्यक्त गर्छु,' उनले भने-'धेरै कुरा मैले विभिन्न माध्यमबाट पनि जवाफ दिइसकेको छु । मेरो राजनीतिक र सार्वजनिक कुरा सबैलाई थाहा नै भएकोले सार्वजनिक पद धारण गरेकोले उठेका समसामयिक विषयमा जवाफ दिन उपयुक्त भएकोले यहाँ प्रस्तुत भएको छु ।'

उनले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलअन्तर्गतको अध्यागमन कार्यालयका कार्यालय प्रमुख तीर्थराज भट्टराईलाई अख्तियारले बयान लिएको कुरा पनि आफूले सञ्चारमाध्यमबाटै थाहा भएको दाबी गरे । कार्यालय प्रमुख तीर्थराज भट्टराईलाई अख्तियारले बोलाएको कुरा सञ्चारमाध्यमबाटै थाहा पाएको हुँ,' उनले थपे-'यसमा मेरो संलग्नता भएको भनिएको कुरामा सत्यता छैन । मेरो संलग्नता हुन सक्दैन भन्न चाहन्छु । राजनीतिक रुपमा षडयन्त्रपूर्वक खेद प्रकट गर्न चाहन्छु ।'

उनले संवैधानिक निकायले छानबिन गरिरहेको विषयमा सरकारलाई जोड्न नहुने र यसरी प्रश्न उठ्दा हिजोका दिनमा कति मन्त्रीले जवाफ दिएका थिए भन्दै प्रतिप्रश्नसमेत गरे ।

गृहमन्त्री लेखकले आफ्नाविरुद्ध नक्कली जाहेरीहरू लेखेर विभिन्न ठाउँमा मुद्दा दर्ता गर्न खोजेको थाहा पाइसकेको समेत बताएका छन् । आफूमाथि लागेको आरोपबारे स्पष्टीकरण दिन रोस्टममा पुगेका उनले उल्टै रास्वपामाथि आरोप लगाएका हुन् ।

'पार्टीका कार्यालयमा नक्कली तथाकथित पीडितलाई बोलाएर नक्कली जाहेरीहरू लेखेर मेराविरुद्ध विभिन्न ठाउँमा दर्ता गर्ने प्रयन्त्र भइरहेका छन्,' रास्वपाको नाम उल्लेख नगरी उनले भने-'कुन पार्टी कार्यालयमा लेखिएको छ त्यो मलाई जानकारी भइसकेको छ ।

» बाँकी ३ पेजमा




मनसुन सुरु भएसँगै रूपन्देहीमा खेत रोप्ने तयारी सुरु भएको छ । खेत रोप्न धानको बिउ काड्दै (गोड्दै) महिलाहरू । यो वर्ष अघिल्ला वर्षभन्दा छिटो मनसुन भित्रिएको छ । यो वर्ष ३० प्रतिशत बढी वर्षा हुने मौसमविद्हरुले अनुमान गरेका छन् । तस्विर रिमा बीसी ।

# सरकारबाट अख्तियारको चरम दुरूपयोग : बराल

बुटवल । नेकपा माओवादी केन्द्र लुम्बिनीका अध्यक्ष सुदर्शन बरालले केपी ओली नेतृत्वको सरकारले अख्तियारको चरम दुरुपयोग गरेको आरोप लगाएका छन् । नेकपा माओवादी केन्द्र बुटवल नगर समितिले शुक्रबार बुटवलमा आयोजना गरेको सहिद परिवार सम्मान कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष बरालले वर्तमान सरकारको गतिविधि ठिक नभएको बताएका हुन् ।

'आफ्ना विरोधीहरू सखाप पार्ने गरी सरकारले संवैधानिक अङ्गहरूको दुरुपयोग गरेको छ,' बरालले भने -'चाहे अख्तियार दुरुपयोग अनुसन्धान आयोग होस्, न्यायपालिका होस्, चाहे नेपाल प्रहरी नै किन नहोस्, विभिन्न संयन्त्रलाई विरोधी दल र नेता सक्ने गरी अख्तियारको दुरुपयोग गरिएको छ ।'

उनले प्रधानमन्त्री ओलीसँग थोरै मात्रै असहमति राख्नेहरूलाई पनि मुद्दा चलाउने काम भइरहेको बताए । लुम्बिनी प्रदेशका पूर्व मन्त्री समेत रहेका बरालले वर्तमान सरकारले सञ्चारकर्मीमाथि मुद्दा चलाएर मुख थुन्न खोजेको बताए । 'स्वाभिमानी पत्रकारमाथि मुद्दा चलाउने, कानुनको डन्डा बर्साउने र देशमा झोलेहरू बनाउने प्रयत्न भइरहेको छ ।'- उनले भने । उनले प्रधानमन्त्री ओली नेतृत्वको सरकार सत्ताको चाकर र दलाल जन्माउने अभियानमा लागेको बताए ।

कांग्रेस एमालेका चिनिएका भ्रष्टहरूलाई सरकार जोगाएर विपक्षी दल र नेताहरूलाई प्रतिशोधसहित मुद्दा चलाएको उनको भनाइ छ । नेता बरालले को नेतासँग प्रतिशोध साँधिएको भनेर नाम नलिए पनि पछिल्लो समय पूर्व प्रधानमन्त्री माधवकुमार नेपाललाई अख्तियारले विशेष अदालतमा पेस गरेको मुद्दालाई लक्षित थियो ।

उनले एमालेले झोले अभियान चलाए पनि एमालेकै विवेक भएकाहरू झोले बन्न तयार नभएको बताए । 'विवेक भएका एमालेहरूले झोले अभियानलाई रिजेक्ट गरे ।'- उनले भने ।



अध्यक्ष बरालले माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारले सुशासनमा काम गर्न थालेपछि अतालिएर कांग्रेस एमाले गठबन्धन बनेको समेत बताए । का काम भइरहेको छ, क्रान्तिकारीहरुबिच एकताको जरुरी रहेको बताए । प्रधानमन्त्री ओली झोले अभियानलाई बढावा दिन, देशभरिका मानिसहरूको विवेक बेच्न लागि परेको बताए ।

माओवादी नेतृत्वको सरकारले सुशासनलाई रोक्न थालेपछि कांग्रेस एमालेले 'काले-काले मिलेर खाउँ भाले' भनेर सरकार बनाएको बताए । 'कालाबजारी, माफियाहरूको रजगज तोडिएपछि काँग्रेस एमाले गठबन्धन बनेको हो,' उनले भने -'सुशासन ल्याउन होइन, भ्रष्टाचारीको संरक्षण गर्न सरकार लागिपरेको छ, अब क्रान्तिकारीहरू एक ढिक्का हुनुपर्छ ।'

सहिद टिकाराम गौतम र गणेश ढकालको स्मृतिमा आयोजित स्मृति सभामा अध्यक्ष बरालले सहिदहरूले देखाएको क्रान्तिको बाटोलाई आफूहरूले भुल्न नहुने बताए ।

» बाँकी ३ पेजमा

# गजेडी दानापुर तालमा चित्रकला कार्यशाला



बुटवल । रुपन्देहीको कञ्चन गाउँपालिकाले पर्यटकीय स्थल गजेडी दानापुर ताल परिसरमा दुई दिने चित्रकला कार्यशाला सुरु गरेको छ ।

कार्यशालाको शुक्रबार गाउँपालिका अध्यक्ष नवराज ढकालले उद्घाटन गरे । सो अवसरमा बोल्दै अध्यक्ष ढकालले पालिकालाई पर्यटकीय आकर्षणको केन्द्र बनाउने प्रयास स्वरुप चित्रकला कार्यशालाको आयोजना गरिएको बताए । कञ्चन गाउँपालिका आफैंमा धार्मिक तथा सांस्कृतिक रुपमा ऐतिहासिकता बोकेको स्थानीय तह भएको उल्लेख गर्दै कञ्चनमा रहेका जल, जंगल र जमिनसँग जोडिएका ऐतिहासिक धार्मिक तथा सांस्कृतिक सम्पदाहरुको संरक्षणमा नयाँ पुस्ताहरुलाई समेत आकर्षित गर्न र ती सम्पदाहरुको प्रवर्द्धन गर्नु स्थानीय तहको समेत जिम्मेवारी भएको समेत अध्यक्ष ढकालले बताए ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत माधवराज पोखरेलले आफूले पद वहाली गरेपछि गाउँपालिकाभित्र रहेका ऐतिहासिक, धार्मिक र सांस्कृतिक सम्पदाहरुको प्रवर्द्धनका लागि चित्रकला कार्यशाला गर्ने प्रस्ताव ल्याई कार्यान्वयन गरेको बताए ।

कार्यशालाबाट २१ जना कलाकारले तयार गर्ने चित्रकलालाई गाउँपालिकाको प्रशासकीय भवन र वडा कार्यालयहरुमा राखेर पालिकाको पर्यटन प्रवर्द्धन गरिने उनले बताए ।

भविष्यमा दानापुर ताललाई थप आकर्षित बनाउन काष्ठ कला कार्यशाला आयोजना गर्ने सोंच रहेको पोखरेलले बताए ।

कार्यशालामा २१ जना कलाकारले गाउँपालिकाभित्र रहेका र अन्य ऐतिहासिक, धार्मिक र सांस्कृतिक सम्पदाको चित्र क्यानभासमा उतार्नेछन् ।

कार्यशालालाई नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानले क्यानभास र रंग प्रदान गरेको छ भने नेपाल व्यवसायिक कलाकार संघ रुपन्देहीले सहकार्य गरेको छ ।

कार्यशलामा कलाकारहरु मन गोल्डी, एच.बी. रम्तेल, बेनप्रसाद थापा, राजकुमार लिगल, दिलिप रसाइली, राम अवतार, चन्द्र बहादुर खड्का (राजु), डोल बहादुर आले, सुमित्रा राना सुतपराई, जेवबहादुर सार्की (अजय), प्रितम आले, नरबहादुर बि.क., विष्णु प्रसाद बि.क., गंगाधर आचार्य, खेम घिमिरे, गोविन्द चौधरी, घनश्याम थापा, हरि बयम्बु, बाल कलाकार सनिहा चौधरी सहभागी छन् ।



दैनिक लुम्बिनीको साप्ताहिक कोशेली
# पाहुर
तपाईंका लागि...
२०८२ जेठ ३१ गते, शनिबार

**बिट्विन द लाइन्स्...**

म
जीवनको गति खोज्दै छु
व्यर्थै नरोप बाटामा
काँडाहरू

– कृष्ण प्रधान
('जीवनको गति' कविताबाट)

# मान्छेको जीवनमा युगान्तकारी फेरबदल के ले ल्यायो ?



सुवर्ण कपाली

आज जुन रूपमा मानिसको अस्तित्व विद्यमान छ, त्यही रूपमा मानिसको उत्पत्ति भएको थिएन। विज्ञान-सम्मत वैचारिक क्षेत्रमा यो भनाइ सर्वमान्य नै भएको छ। तर यसो भन्नुको अर्थ के हो त ? के यो प्रश्न मानिसको आकार प्रकार (रूपरंग)सँग मात्र सम्बन्धित छ ? अथवा यसमा उसको सामाजिक र बौद्धिक चेतना-स्तरको क्रमिक विकाससित पनि सम्बन्धित छ ? मानवीय चेतनालाई पनि प्राकृतिक नियमहरूको सीमाभित्र आवद्ध गरेर बुझ्न खोज्नुको अर्थ के हो भने, चेतना भनेको पहिलेदेखि निश्चित पूर्ण र अपरिवर्तनयि (स्तर घटबढ नहुने) कुरा होइन।

उदाहरणको लागि, हाम्रै समाजमा केही समय अगाडिसम्म सामान्य र स्वीकार्य सामाजिक व्यवहारको रूपमा मानिएको बाल-विवाह र बहु-विवाहको प्रथालाई अहिले अस्वीकार्य व्यवहारको रूपमा लिन थालिएको छ। के यो सामाजिक चेतनामा आएको परिवर्तन होइन त ?

त्यस्तै पहिला मानिसलाई चन्द्रमाको बनोट र चन्द्रमा किन चम्किन्छ भन्नेबारे केही ज्ञान थिएन भने अहिले हामीलाई सिंगो सौर्य-मण्डलकै बनौट र सञ्चालन प्रक्रियाबारे धेरै कुरा थाहा भइसकेको छ। के यी दुई अवस्थामा बौद्धिक चेतनास्तर फरक-फरक रहेको महसुस गर्न सकिन्न र ? अरु आत्मगत सामाजिक मान्यताहरूको बारेमा पनि यहीं कुरा भन्न सकिन्छ। जस्तै– दया, माया, सेवा, धर्म, उपकार इत्यादिलाई नै लिन सकिन्छ। पहिला एउटा खान नपाएको मान्छेलाई एक छाक खुवाउनु र केही चामल अथवा धन भिक्षा दिनु पनि ठूलो उपकार र धर्मको कुरा मानिन्थ्यो भने अब भोको मान्छेलाई एक छाक भात होइन बरु उसको दैनिक न्यूनतम आवश्यकता पूर्ति गर्ने सकिने रोजगारीको अवस्था सृजना गरिदिनु मानवीय कर्तव्य (धर्म होइन) को रूपमा मानिन थालेको छ। यहाँ छोटकरीमा भन्न खोजिएको कुरा के हो भने, मानवीय चेतना पनि परिवर्तनीय छ र यो परिवर्तनको प्रक्रिया प्राकृतिक नियमहरूको सीमाभित्र आबद्ध छ।

अब हामी मानिसको उदयकालीन अवस्थाबारे नै चर्चा गरौं।

केही मानिसहरू अझैं के सोंच्छन् भने, मानिसको उदय बाँदरबाट भएको हो। यस सोंचाइमा कुन कुरा गम्भीर महत्वको छ भने, उनीहरूले 'बाँदर' भन्नाले आधुनिक बाँदर, जसलाई हामीले देख्ने गरेका छौँ, त्यसलाई नै सम्झन्छन्। तर वास्तविक कुरा के हो भने आधुनिक बाँदर मानिसको पुर्खा होइन। बरु मानिस, आधुनिक वनमान्छे र बाँदरका प्राचीन पुर्खा भने एउटै थिए। विकासको क्रममा आधुनिक बाँदरको पुर्खा मानिस र वनमान्छेको साझा पुर्खाबाट आजभन्दा तीन करोड वर्षअघि नै अलग्गिएको थियो। त्यस्तै आजभन्दा एक करोड वर्षअघि मानिस र वनमान्छेको पुर्खा पनि अलग्ग छुट्टिएको हो।

यसरी जीव- विकासको क्रममा एउटैजातिको जीवबाट अरू उप-जातिहरू छुट्टिएर विकसित हुने प्रक्रियालाई चार्ल्स डार्विन (१८०९- १८८२) को सिद्धान्तको आधारमा बुझ्न सकिन्छ। उनले तीसौं वर्षसम्मको अनुसन्धान पछि सन् १८५५ मा प्रकाशित 'प्रवर्ग/जातिहरूको उत्पत्ति' (द ओरिजिन अफ स्पेसिस्) भन्ने आफ्नो पुस्तकमा जीव विकासका नियमहरूको व्याख्या गरेका थिए। उनले अनेकौ प्रमाणहरूद्वारा जीव विकासका नियमहरूको अकाट्य पुष्टि गरेका थिए। स्वयं मानिसको उदयबारे उनले अनुसन्धान गरेका थिएनन्, तथापि जीव- विकासका नियमहरू मानिसको सम्बन्धमा पनि लागू भएको हुनुपर्छ भन्ने कुरा सहजै महसुस गरेका थिए। उनको अनुमान सही थियो। अहिले मानिसका प्राचीन पुर्खाहरूबारे हामीलाई धेरै कुरा थाहा भैसकेको छ।

मानिसको सबैभन्दा पुरानो वास्तविक पुर्खाको रूपमा चिनिने जीवलाई 'अष्ट्रेलोपिथेकस' भन्ने वैज्ञानिक नाम दिइएको छ।

यो जीव नै मानिसको सबैभन्दा पुरानोवास्तविक पुर्खा किन हो त ?

सर्वप्रथम, अष्ट्रेलोपिथेकको शारीरिक बनौटकै चर्चा गरौं। यो जीव करीव चार फीट अग्लो थियो र दुई खुट्टाले हिंड्थ्यो। शरीर रौले ढाकिएको थियो। दाँत छोटा थिए र त्यसको हातको बुढी औंला अरू औंलाको दाँजोमा सानो थियो। त्यसको मस्तिष्कको आकार आठ सय सी.सी. (हाम्रोभन्दा निकै सानो मात्र थियो र त्यसमा औला तथा हातका अन्य मांसपेशीहरूलाई निर्देशित गर्ने भाग अझैं विकसित भएको थिएन। यहाँ स्पष्ट गर्नु पर्ने कुरा के छ भने, त्यसको मस्तिष्क प्राचीन अथवा आधुनिक जुनसुकै प्रवर्ग (Species) का वनमान्छेको भन्दा ठूलो आकारको थियो। मस्तिष्कको आकारको महत्व किन छ भने विकासको हरेक नयाँ चरणमा मानिसको मस्तिष्कको आकार क्रमशः वृद्धि हुँदै आएको छ। यसको साथै उसको बौद्धिक क्षमतामा पनि त्यही अनुरूप वृद्धि भएको छ।

यही सानो जीव कालान्तरमा पिथेक्यान्थ्रोप, निएनदरथल र क्रोमाग्नन् नाम गरिएका शारीरिक दृष्टिले क्रमशः उन्नत रूप धारण गर्दै आधुनिक मानवको रूपमा विकसित भयो। यस हिसाबले हेर्दा अष्ट्रेलोपिथेकभन्दा अधिको मानिसको सुर्खाको बारेमा पनि सोंच्न सकिन्छ। उदाहरणको नागि रामापिथेकस भनिने प्राचिन जीव अष्ट्रेलोपिथेकको पनि पूर्खा हो। त्यसो भएता पनि अष्ट्रेलोपिथेकलाई नै मानिसको वास्तविकरूपमा लिने गरिन्छ। यसका केही आधारहरू छन्।

मानिसमा त्यस्तो के गुण छ जसकोआधारमा उसलाई अरू पशु-जगतबाटसकियोस् ? के शारीरिक बनौटमा रहेको भिन्नता नै सबै कुरा हो त ?

वर्तमान समयमा मानिसलाई शारीरिक बनोटकै आधारमा पनि पशु-स्पष्ट रूपमा छुट्याउन सकिन्छ। अष्ट्रोलोपिथेकको शरीर हाम्रो जस्तो थिएन भन्ने नै उल्लेख गरिसकियो। हो, निश्चय पनि ढाड पूरै सोझ्याउन नसके पनि त्यो दुई खुट्टाले हिड्न सक्थ्यो। केही विद्वानहरूको विचारमा दुई खुट्टाले हिंड्न नै मानिसलाई पशु-जगतबाट अलग्याउने पर्याप्त विशेषता हो। जीवशास्त्रीय दृष्टिले दुई खुट्टाले हिंड्न मानिसको उदय हुनको निम्ति पूर्व आवश्यक थियो, तर दुई खुट्टाले हिंड्दैमा कुनै पनि जीव अन्य पशुहरू भन्दा गुणात्मक रूपमै भिन्न जीवको स्थापित हुन सक्दैन भन्ने कुरा लाखौं वर्षसम्मको अष्ट्रेलोपिथेकको जीवनले स्पष्ट पार्दछ। आजसम्मका वैज्ञानिक अनुसन्धानहरूले के सिद्ध गरेका छन् भने अष्ट्रेलोपिथेकसले प्राचीन औजारहरूको प्रयोग गर्न थाल्नुभन्दा दश लाख वर्ष अधिदेखि नै उसको पूर्खाले दुई खुट्टाले हिंड्न जानेको थियो। तर त्यस दश लाख वर्षसम्म उसमा कुनै त्यस्तो व्यवहार वा चेतना विकसित भएन, जसलाई सांस्कृतिक वस्तुको रूपमा उल्लेख गर्न सकियोस्। प्राचीन औजार र त्यसको प्रयोगसित सम्बन्धित श्रम नै इतिहासका पहिला सांस्कृतिक वस्तुहरू हुन्। सांस्कृतिक व्यवहार वा चेतना नभएको जीवलाई नै पशु भन्न सकिन्छ।

ऐतिहासिक दृष्टिले हेर्ने हो भने, अष्ट्रेलोपिथेकसको जीवनमा आएको परि मानिसको उदयको निम्ति निकै ठूलो महत्त्व राख्दछ। लाखौं वर्षको अन्तरालमा त्यसले विस्तारै लौरो तथा ढुंगाका हतियारहरू प्रयोग गर्न सिकेको आजभन्दा वीस लाख वर्ष अघिसम्ममा त लौरो, पात झैं चौडा धारिला ढुंगाका हतियारहरूर औजारको रूपमा हाड र सिंग जस्ता वस्तुहरू उसको दैनिक जीवनको निम्ति अत्यावश्यक नै बनिसकेका थिए।

तर इतिहासको ठीक कुन चाहि विन्दूदेखित्यसले त्यस्ता हतियारहरू प्रयोग गर्न सिकेको थियो भन्ने कुराको जवाफ दिन भने सकिदैन। किनभने त्यो आकस्मिक रूपमा घटेको घटना नभइकन विस्तारै लामो समयको अन्तरालभित्र सकिएको थियो। तर जब एक पटक त्यस्ता हतियारहरूले त्यसको जीवनमा प्रवेश मन्यो र दैनिक निर्वाहको निम्ति अनिवार्य समेत बन्यो, त्यस भने इतिहासमा निकै ठूलो असर पायो।

पशुहरू (जस्तै, वनमान्छे) ने पनि ढुंगा वा लौरोलाई कहिलेकांही हिर्काउने काममा प्रयोग गर्दन वैज्ञानिकहरू यस्तो क्रियाकलापलाई पशुजन्य व्यवहारको रूपमा लिन्छन्। किनभने तिनीहरू ढुंगा वा लौरो आदिको नियमित रूपमा र उद्देश्यमूलक ढंगले प्रयोग गर्दैनन्। तसर्थ तिनीहरूको - जीवनमा अर्थात् दैनिक भोजन जुटाउने क्रममा तीवस्तुहरूको कुनै महत्त्व छैन। अर्कोतिर अष्ट्रेलोपिथेकसद्वारा ढुंगा, लौरो हाड र सिंगका प्राचीन औजार प्रयोग गर्न थाल्नु भने पशुजन्य व्यवहार थिएन। पशुजन्य व्यवहारबाट माथि उक्लेर अष्ट्रेलोपिथेकले ती वस्तुहरूको नियमित रूपमा र उद्देश्यमूलक ढंगले प्रयोग गर्दथ्यो। पहिला किरा- फट्यांग्रा र फलफूलमा मात्र आश्रित रहने गरेको अष्ट्रेलोपिथेकले पछि उद्देश्यमूलक ढंगले ढुंगा आदिको प्रयोग गरी शिकार गर्न थालेपछि उसको भोजनमा मासुले बढी महत्व ओगटेको थियो। यसरी सापेक्षिक रूपमा पहिलाभन्दा बढी मासुमा निर्भर जीवन बाँच्नको लागि उसले ढुंगा आदि वस्तुको प्रयोग गर्नु अनिवार्य नै थियो। किनभने उसमा हिंस्रक- जनावरहरूका जस्ता नंग्रायुक्त हात-खुट्टा, तीखा दाँतहरू र तेज गतिले दौडने क्षमता थिएन। तसर्थ शारीरिक दृष्टिले 'कमजोर' हुँदाहुँदै पनि मांसहारी बन्नलाई उसले ढुंगा आदिको प्रयोग गर्नु आवश्यक थियो। यही आवश्यकताले गर्दा शिकारको निम्ति ढुंगा आदिको प्रयोग नियमित पनि बनेको थियो।

अष्ट्रेलोपिथेकसले ढुंगा, लौरो, हाड र सिंग जस्ता वस्तुहरूको प्रयोग उद्देश्यमूलक ढंगले गरेको हुनाले (भनौ शिकार गर्न र कन्दमूल खोज्न ती वस्तुहरूलाई औजार भनेर नामाकरण गर्न सकिन्छ। साथै औजारको अस्तित्वले सँधै त्यसको प्रयोगसँग सम्बन्धित श्रम भन्ने मानवीय गुणको अस्तित्वबोध गराउँछ। श्रम भनेको मानिसले औजारको प्रयोग गरी अर्थात् औजारमार्फत् अरू वस्तुमाथि जुन सीप र सामर्थ्य लगाउँछ, त्यसैलाई भनिन्छ। श्रम मानवीय गुण हो किनभने, यस्तो श्रम केवल मानिसको निम्ति मात्र स्वभाविक छ, अन्य कुनै पशुहरूको लागि यो स्वाभाविक छैन। अर्थात्, अरू कुनै जीवले औजारहरूमार्फत् श्रमशक्तिको उपयोग गर्न सक्दैन अष्ट्रेलोपिथेक महिलेदेखि ढुंगा आदि प्राचीन औजारहरूको उद्देश्यमूलक ढंगले र नियमित रूपमा प्रयोग सुरु गन्यो, त्यही बेलादेखि नै श्रम भनिने मानवीय गुण विश्वमा अस्तित्ववान रहीआएको छ। तसर्थ श्रमको अस्तित्व जन्मिनु संगसंगै अष्ट्रेलोपिथेक अरू सबै पशु जगतबाट भिन्दै भयो र ऊ सांस्कृतिक जीव अर्थात् मानिस बन्यो। यस प्रकार के भन्न सकिन्छ भने मानिसलाई अरू पशु-जगतबाट छुट्याउने वस्तु भनेको श्रम नै हो। दुई खुट्टाले हिंड्न सिक्नु भनेको श्रमको उदयको निम्ति आवश्यक जैविक पूर्वाधार मात्र हो।

अष्ट्रेलोपिथेकसले प्राचीन औजारह श्रमको साधन) को प्रयोग शीकार गरिने पशुहरू र कन्दमूल (श्रमको वस्तु) माथि गर्दथ्यो। यस व्यवहारमा उसले प्रयोग गर्ने सीप र सामर्थ्य नै श्रम हो। प्रारम्भिक श्रम गतिविधिको बारेमा विद्वानहरूको धारणा के छ भने, त्यतिबेला मानिसले कुनै नयाँ बस्तु उत्पादन गर्दैनथ्यो। जनावरहरू मार्न औजारको प्रयोग हुन्थ्यो। तर मासुबाट अरू कुनै नयाँ वस्तु। जस्तै छालाको लुगा वा सिंगको गहना आदि) बनाईदैनथ्यो। कन्दमूलको उपभोग पनि जुन रूपमा भेटियो त्यसै रूपमा गरिन्थ्यो। त्यतिबेला औजारको प्रयोग वस्तुको रूप बदल्नका लागि गरिदैनथ्यो। प्रकृतिमा उपलब्ध वस्तुहरूलाई अरू सजिलैसित प्राप्तगर्ने साधनको रूपमा मात्र औजारको प्रयोग हुन्थ्यो। जे होस, श्रम गतिविधिको शुरूवात सँगसँगै मानिस साँस्कृतिक जीव बन्यो। सामान्यतयासंस्कृति भन्नाले मानिसको भौतिक व्यवहार वा आत्मगत क्षेत्रसित सम्बन्धित सम्पूर्ण कुराहरूको समष्टि हो। त्यसैले श्रम गतिविधि संस्कृतिकै एक पक्ष हो भने औजार चाहि संस्कृतिको प्रतीक हो। यस प्रकार मानिसको प्रारम्भिक सांस्कृतिक व्यवहार वा चेतना उसको श्रम गतिविधिसित प्रत्यक्ष सम्बन्धित थियो।

यसरी श्रमले मानिसलाई साँस्कृतिक जीव बनाएपछि उसको भावी विकासमा पनि श्रमले असर पार्नु स्वाभाविक थियो।

वास्तवमा औजारले एक किसिमले मानिसको शारीरिक शक्तिलाई बढायो र उसलाई ती धेरै बाधाहरू पार गर्न सक्षम बनायो, जुन उसको खालि हातको सामर्थ्यभन्दा परको कुरा थियो। वैज्ञानिकहरूका अनुसार श्रमका क्रियाकलापहरूले, जैविक दृष्टिले लाभदायक हुनाले, हाम्रा पुर्खाहरूलाई वातावरणमा घुलमिल हुन सघायो, बथानहरूमा सामूहिक चरित्रको स्थापना गन्यो र नयाँ सामाजिक नियमहरूको विकासलाई निम्त्यायो।

ढुंगे-हतियारहरूको प्रयोग गरी ठूला जनावरहरू पनि मार्न जानेपछि अष्ट्रेलोपिथेकसले भोजनमा साठी प्रतिशतभन्दा बढी मासु पाउन थाल्यो जति कि उसको पुर्खाले कहिल्यै पाएको थिएन। मासु उच्च स्तरको पौष्टिक खाना हुनाले उसको निम्ति खाना खाइरहनु पर्ने समयावधिलाई दुई तिहाई भागले घटाईदियो। यसरी बचेको समय आगामी सामाजिकीकरणको निम्ति महत्त्वपूर्ण थियो।

बीस लाख वर्षदेखि यता मानिसको मस्तिष्कको तीव्र गतिले विकास भएको भेटिएको छ। यसरी हेर्दा उसले भोजनमा प्रशस्त मासु पाउन थालेपछि नै मस्तिष्कको तीव्र विकास भएको भै बुझिन्छ। तर मासुको भोजन नै यसको एक मात्र कारण थिएन। संसारमा पूर्णतः मासुमै निर्भर रहने कैयौ जीवहरू छन् तर मानिसको मस्तिष्क नै सर्वश्रेष्ठ छ भन्ने कुरा पनि यहाँनेर सम्झन लायक छ। मानिसको मस्तिष्कको विकासमा श्रम अर्थात् हातद्वारा औजारहरूको प्रयोगले प्रमुख भूमिका खेलेको थियो श्रमले नै उसको आदिम हातका मासपेशीहरूलाई बढी सुगठित हुन र मस्तिष्कलाई विकसित हुन प्रेरित गरेको थियो। यहाँ मस्तिष्क विकसित हुनुको अर्थ जैविक रूपमा आकार र कार्य क्षमता बढ्नु सोच्ने शक्ति बढ्नु र सामाजिक चेतनाको अभ्युदय हुनु पनि हो।

प्राचीन औजारहरूले मानिसको जीवनमा प्रवेश गरेपछि बाँच्नको निम्ति भौतिक आधार (अर्थात् भोजन) जुटाउने तौरतरीकामा युगान्तकारी फेरवदल आयो। शीकार गर्नु विस्तारै उसको दैनिक जीवनको अंग बन्यो। तर शीकारले मानिसलाई एक्लाएक्लै खाना खोज्दै हिडनु भन्दा एक जुट हुनमा प्रेरित गयो। किनभने, पहिला उसको पुर्खाले कीराहरू र शाकाहारी भोजन मात्र खाने गर्थे, जसअनुसार एक्लाएक्लै नै खाना खोजेर खान सकिन्थ्यो। तिनीहरू सन्तानोत्पादन जस्तो जैविक कारणले झुण्डमै बसेतापनि एकले अर्कोलाई खाना खोज्न सहायता गर्ने स्थिति थिएन।

तर अष्ट्रेलोपिथेकले मासु पनि खान्थ्यो, जसको निम्ति शीकार गर्नु आवश्यक थियो। यही आवश्यकताले उनीहरूलाई परस्परमा निर्भर हुन अनिवार्य बनायो। फेरि शीकारको निम्ति संगठित हुनु पर्ने आवश्यकताले सामाजिक चेतनालाई जन्मायो। यसरी जहाँ पहिला एक्लाएक्लै खाना खोजेर एक्लाएक्लै नै खाने जीवन-शैली थियो, अब त्यसको ठाउँमा सामूहिक रूपमा भोजन जुटाउने र त्यसको उपभोग सामूहिक रूपमै गर्ने नयाँ जीवन शैलीको क्रमशः उदय भयो।

यो जीवन शैली लाखौं वर्षसम्म अस्तित्वमा रह्यो।

(मूल्यांकन मासिक माघ २०४९ बाट साभार)

## कविता

### गर्मी

अबीर खालिङ

१ आगोको साइरन बजाएर
ऊ
हाम्रो शहरमा पसेको छ
'लु'को बुट बजार्दै-
गरेको छ आनन्दको चीरहरण।

रिक्सावालको खोकिलामा च्यापिएर
घुमिहिँडेको छ शहरमा।
ज्यामीको निधारमा/
भरियाको थाप्लोमा
टलक्क टल्केको छ उसको हाँसो
सडकको छातिमा सल्केको छ
उसको सास।

वातानुकूलित कोठाबाट फुत्त
बाहिर निस्केर
किन अठ्याँको श्रमिकको निर्बल
निस्सहाय प्राण।
किन चुसेको खेतमा सपना
रोप्ने किसानको
शरीरको पानी।
सडकको पेटीमा गिटी कुट्ने मजदुरको
किन चाख्न खोजेको खुन।

'वान्टेड' आतङ्ककारी भएर
पसेको छ ऊ हाम्रो ठाउँमा
अपहरण गरेको छ
हाम्रो जाँगर/ जोस र शान्ति।

२ मसँगै ऊ पनि
मेरो ओछ्यानमा सुत्यो/ र
मेरो निद्रालाई घाँटीमा अठ्याँयो।

आउन दिएन उसले
आँखामा सपना
र
चुसिबस्यो मेरै चैन र आरामको रगत।

हैकमवादी आँखाले आह्निस हेर्‍यो
सिलिङमा घुमिरहेको पंखालाई/
आतङ्ककारी भएर छिर्न दिएन
खिडकीबाट मलाई गुहार्न आउन खोज्ने
निर्बल प्राणदायी बतासलाई।

निहत्था/ निस्साहय म भने
छटपटिरहेँ उसको कुटिल जालमा।
बलात्कारी ऊ भने-
खेलिरह्यो मेरो नाङ्गो आङ्गसँग/ र
बिहान थाहा नदिई
खिडकीबाट हाम्फालेर भाग्यो।

# विद्यालयमा पुग्यो गरिमा बैंक




श्रीकृष्ण सिग्देल

*स्याङ्जा*

सामाजिक उत्तरदायित्वलाई पच्छ्याउँदै आएको गरिमा विकास बैंक सहयोगी बनेर विद्यालयमा पुगेको छ। संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत विभिन्न सामग्रीहरु बोकेर स्याङ्जाका विभिन्न शैक्षिक क्षेत्रमा पुगेको हो। यो आर्थिक वर्षमा बैंकले भूमिका निर्वाह गर्नुपर्ने दायित्वलाई अगालेर जिल्लाका शैक्षिक क्षेत्रमा पुगेर सहयोगी बनेको जनाएको छ।

स्याङ्जाको वालिङ ६ फूलबारीमा रहेको गणेश आधारभूत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि विद्यालय पोशाक र शैक्षिक सामग्री वितरण गरेको छ। वालिङ मिर्दीमा रहेको गरिमाको शाखाले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत विद्यार्थीलाई पोशाक तथा शैक्षिक सामग्री वितरण गरेको क्षेत्रीय प्रमुख लेखनाथ भट्टराईले बताए। कक्षा ५ सम्म अध्ययनरत २५ जना विद्यार्थीलाई बैंकले ट्र्याकसुट तथा कापी कलम उपलब्ध गराएको छ।

त्यसैगरी बैंकको वालिङ शाखाले वालिङ ११ गब्देमा रहेको बालशिक्षा निकेतन आधारभूत विद्यालयमा विद्यार्थीलाई पोशाक वितरण, वालिङ युनाइटेड क्लबलाई आर्थिक सहयोग र वालिङ १० भकुण्डेस्थित सिद्धार्थ राजमार्गमा जेष्ठ नागरिक प्रतिक्षालय निर्माण गरी सहयोग गरेको जनाएको छ। बैंकको गल्याङ शाखाले गल्याङ नगरपालिका १ स्थित राम्दी गुरुकुल आश्रम विद्यालयमा स्टिल दराज, ज्ञानेश्वर आधारभूत विद्यालय, चण्डीका आधारभूत विद्यालयमा विद्यार्थीलाई पोशाक र बमभञ्याङ आधारभूत विद्यालयलमा ल्यापटप, महेन्द्र आधारभूत विद्यालयमा खानेपानीको फिल्टर सहयोग गरेको क्षेत्रीय प्रवन्धक भट्टराईले बताए।

चापाकोट शाखाले चापाकोट क्याम्पसमा सरस्वती मन्दिर निर्माण, मिर्दी शाखाले राष्ट्रिय मावमा खानेपानीको फिल्टर र स्याङ्जा शाखाले पाणिनी आश्रममा टिभी वितरण गरेर सहयोगी भूमिका खेलेको छ।

बैंकले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत स-साना बालबालिकालाई पोशाक, खानेपानीका फिल्टरसहित विद्युतीय उपकरणहरु वितरण गरिएको बैकका प्रमुख कार्यकारी अधिकृत माधव आचार्यले जानकारी दिए। स्याङ्जामा मात्रै नभएर देशभर गरिमा बैंक पुगेका स्थानहरुमा सामाजिक उत्तरदायित्वअन्तर्गत विभिन्न सहयोग गर्दै आएको सीइओ आचार्यको भनाइ छ।

आगामी दिनमा पनि बैंकले आवश्यकता हेरी थप सहयोगका कार्यक्रमहरुलाई निरन्तरता दिँदै जाने उनले बताए। विद्यालयको शैक्षिक गुणस्तर वृद्धिकालागि बैंकले गरेको सहयोगले थप मद्दत पुग्ने वालिङ ६ का वडा सदस्य नन्दु अर्यालले बताए। विद्यालयको समग्र विकासका लागि सरोकारवालाहरु एकमत भएर अगाडि बढ्न सकेमा शैक्षिक गुणस्तरमा सुधार हुने वडा सदस्य अर्यालको भनाइ छ।

शहरीया बजारका विद्यालयमा भन्दा ग्रामीण क्षेत्रका विद्यालयमा बैंकहरुले गरेको सहयोग अतुलनीय हुने गणेश आधारभूत विद्यालयमा प्रधानाध्यापक नरबहादुर पौडेलले बताए। विद्यालय सबैको साझा शैक्षिक चौतारी भएकाले बैंकहरुको सहयोग ग्रामीण क्षेत्रका विद्यालयमा पुग्नुपर्ने सुझाव उनको छ।

स्याङ्जाको वालिङमा झण्डै १८ वर्ष अगाडि प्रधान कार्यालय स्थापना गरी संचालनमा आएको गरिमा विकास बैंक अहिले राष्ट्रियस्तरको बैंक हुन पुगेको छ। देशभर १२५ शाखा, १ एक्सटेन्सन कार्यालय, ५० भन्दा बढी एटिएम मेसिनमार्फत् झण्डै १० लाख ग्राहकलाई बैंकिङ प्रवाहमा जोडेर सेवाप्रवाह गर्दै आएको छ।

# बुटवलमा अटिजम सचेतना जारी



बुटवल। बुटवलमा यहि २७ गतेदेखि अटिजम सचेतना सञ्चालन भइरहेको छ। पछिल्लो समय बालबालिकामा हुने जटिल समस्या अटिजमको बारेमा जानकारी गराउने उद्देश्यसहित बुटवलमा ९ दिने सचेतना कार्यक्रम बुटवलमा चलिरहेको हो।

अटिजम केयर सोसाइटी लुम्बिनीको आयोजना, बुटवल उप-महानगरपालिकाको सहकार्यमामा बुटवलका सबै वडाबाट सहभागी ल्याएर ९ दिनसम्म सचेतना प्रदान गरिँदै आएको अटिजम केयर सोसाइटी लुम्बिनीका अध्यक्ष डा.शतिस रुपाखेतीले जानकारी दिए। शुक्रबारसम्म आइपुग्दा बुटवल ७ र ८ का लक्षित वर्गलाई समेटेर तालिम भइरहेको उनले जानकारी दिए। उनले दैनिक दुईवटा वडाका लक्षित वर्गलाई जुटाएर १९ वटै वडामा कार्यक्रम भइरहेको बताए।

अटिजम केयर सोसाइटी लुम्बिनीका वरिष्ठ उपाध्यक्ष मधुप्रसाद अर्यालले बुटवल १ र २ नम्बर वडाबाट सुरु भएको सचेतनामा अहिलेसम्म २ सय जनालाई सचेतना प्रदान गरिएको बताए। प्रशिक्षकहरु सोसाइटिका विशेष शिक्षिका मलिका घिमिरे र प्यारेन्ट चाइल्ड ट्रेनर अनिशा बस्यालले सचेतनामा सहजीकरण गरिरहेका छन्।

प्रशिक्षणमा अटिजम के हो, अटिजम भएका बच्चाहरूले सामना गर्ने कठिनाइ र चुनौतीहरू केके हुन्, अटिजमका संकेत र लक्षणहरू कस्ता हुन्छन्, अटिजमका कारण र जोखिमका कारकहरू के कस्ता हुन सक्छन्, अटिजमको प्रचलन, उपचार र निदान तथा व्यवस्थापनका रणनीतिहरू, अटिजमको शक्ती र यसबाट परिवारहरूमा पर्ने प्रभावलगायतका बारेमा सचेतना प्रदान हुँदै आएको विशेष शिक्षिका मलिका घिमिरेले जानकारी दिइन्।

**भिजिट...**

यस्ता किर्ते जालसाजी, अमर्यादिन कार्य गरेर राजनीतिक अभिष्ट पूरा गर्न नलाग्न म साथीहरूलाई आग्रह गर्छु।'

यस्ता अपमानजनक कार्य र नक्कली पीडीत खडा गर्नेलाई पत्ता लगाएर कारबाही गरिने उनको भनाइ छ।

'तपाईं (रास्वपाका सांसद)का पार्टी कार्यालय किर्ते जालसाजीपूर्ण कार्यालय बन्दैछन् यसमा तपाईंहरू सचेत हुनुस्,' उनले भने-'किन भने तपाईंहरू संभावना बोकेको हुनुहुन्छ।'

**सरकारबाट...**

उनले तराईमधेश जागरण अभियान, मध्य पहाडी मार्गको अभियानले माओवादी फेरि जनताको बिचमा पुगेर सहिदहरूले देखाएको बाटोमा हिँडेको बताए। कार्यक्रममा अध्यक्ष बरालले सहिद गणेश ढकालका आमा प्रभालक्ष्मी ढकाल र सहिद टिकाराम गौतमकी आमा जमुना गौतमलाई दोसल्ला ओढाएर सम्मान गरेका थिए।

कार्यक्रममा नेकपा माओवादी केन्द्र रुपन्देहीका इञ्चार्ज सोनिया यादव, जिल्ला संयोजक निर्मल जिसी, सहिद परिवार समाज रुपन्देहीका अध्यक्ष शिव घिमिरे, सहिद परिवारका तर्फबाट प्रभालक्ष्मी ढकाल, नेकपा माओवादी केन्द्र नगर अध्यक्ष महेन्द्र भुसाल, उपाध्यक्ष सुप्रिया खनाल, सचिव तुल्सिराम न्यौपानेलगायतले बोलेका थिए।

## विजयनगर गाउँपालिकाको अनुरोध

-बर्खायममा सकेसम्म अत्यावश्यक कामबाहेक लामो यात्रा नगर्नुहोस्।
-हिँड्नै परेमा मौसमको जानकारी लिएर मात्र हिँडौं।
-पहिरो जान सक्ने जोखिमयुक्त क्षेत्रमा सतर्कता अपनाऔं।
-अनावश्यक रूपमा त्यस्ता ठाउँमा आवत-जावत नगर्नुहोस्।
-भेल र बाढीको अचानक जोखिम हुने भएकाले बालबालिकालाई खोला-नदीतिर जान नदिनुहोस्।
-गाउँघरका नाली, ढल तथा पानीको निकास खुला राखौं ताकि पानी जमेर रोग फैलिने अवस्था नआओस्।
-लामखुट्टे र संक्रमित रोगहरूको जोखिम बढ्ने हुँदा घर वरपर सरसफाइ राखौं, खानेपानी उमालेर मात्र पिउँ।
-बाढीले सडक बगाएको वा पुल कमजोर भएको स्थानमा यात्रा नगर्नुहोस्, वैकल्पिक सुरक्षित मार्ग प्रयोग गर्नुहोस्।

शोभाराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत

लक्ष्मी कुमारी चौधरी
उपाध्यक्ष

गोपाल बहादुर थापा मगर
अध्यक्ष

**विजयनगर गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय, कपिलवस्तु

## अनुरोध

- बालबालिका, महिला, अपाङ्गता भएका र जेष्ठ नागरिकलाई सम्मान गरौं
- महिला हिंसा अन्त्य गरौं, कुरा होइन काम गरौं।
- महिला मानव अधिकारको रक्षा गरौं।
- प्रथा परम्पराका नाममा महिलामाथि हुने हिंसा अन्त्य गरौं।
- आर्थिक कार्यमा महिला सहभागिता बढाऔं।
- हिंसामुक्त परिवारः हामी सबैको सरोकार।
- बालबालिका हुन भविष्यको कर्णधार यी हुन् हाम्रा विकासको आधार।
- बालमैत्री स्थानिय शासन बालसहभागिताको सम्मान र शुसासन।
- बालबालिकाको कुरा सुनौं, बालदुर्व्यवहारको अन्त्य गरौं।
- बालबिवाह रोकौं छोरीको भविष्य आजै देखि सोचौं।
-फरक क्षमता (अपाङ्गता भएका व्यक्तिलाई सम्मानजनक व्यवहार गरौं।
- जेष्ठ नागरिक अनुभवका खानी, सम्मान गरौं मार्गदर्शक ठानी
- महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र जेष्ठ नागरिकको सम्मान र माया गरौं।

**न्यायिक समिति**
सुनवल नगरपालिका
नवलपरासी, लुम्बिनी प्रदेश नेपाल

## प्रतापपुर गाउँपालिकाको अनुरोध

-सडक अवरोध हुने गरी निर्माण सामग्री नराखौं, सडक सफा राखौं।
-आफ्ना चौपाया छाडा नछाडौं, दुर्घटना न्यूनीकरणमा सहकार्य गरौं।
-जन्मदर्ता, मृत्युदर्ता, सम्बन्ध बिच्छेद एवं बसाईसराइँ जस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं।
-करहरू समयमै बुझाई विकास निर्माणमा सहभागी बनौं।
-आफूले खरिद गर्न लागेको बस्तुको नापतौल, उत्पादन मिति, उपभोग्य मिति तथा परिमाण उल्लेख छ/छैन, यकिन गरेर मात्र खरिद गरौं।
-खरिद गरिएको बस्तुको मूल्य, तौल वा गुणस्तरमा ठगिएको अवस्था भए तत्काल सम्बन्धित निकायमा उजुरी गरौं।
-आफूले खरिद गरेको बस्तु तथा सेवाको अनिवार्य बिल लिन नबिर्सौं।
-व्यवसाय गर्नु पूर्व पालिकामा आफ्नो व्यवसाय अनिवार्य दर्ता गराऔं।
-बालबालिका, महिला, अपाङ्गता भएका र जेष्ठ नागरिकलाई सम्मान गरौं।

**प्रतापपुर गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय,
प्रतापपुर बसुप नवलपरासी

## Malarani Rural Municipality
Khanadaha, Arghakhanchi
Lumbini Province, Nepal

## Invitation for Bids

Date of publication: 13-June,2025 (2082/02/30)

Malarani Rural Municipality, Khanadaha Arghakhanchi invites electronic Sealed Quotations/Bids from eligible bidders for the procurement and supply of goods as mentioned below:

| IFB No. | Contract Name | Contract id | Bid Document Fee (NPR) | Bid security Amount (NPR) | Last Date of Bid Submission |
|---|---|---|---|---|---|
| 1 | Procurement and Supply of Agri-Equipments (Mini tiller and Combined Mill) for Malarani Rural Municipality | RE-MRM/G/SQ/2081/082/28 | 1000.00 | 54,000.00 | 29/06/2025 12:00 (2082/03/15) |

For more details, please visit PPMO website: www.bolpatra.gov.np/egp.
or www.malaranimun.gov.np.or scan the QR code for full notice.

## SHINE RESUNGA DEVELOPMENT BANK LTD.

**Revised Interest Rate**
Effective From 2082-03-01 (15th Jun, 2025)

| Types of Deposit | | Minimum Balance | Interest Rate (p.a) |
|---|---|---|---|
| Saving | Shine Shareholder Saving | 100 | 3.00% |
| | Shine Unnati Bachat Khata | 500 | |
| | Shine Samunnat Bachat Khata | - | |
| | Shine Nari Bachat Khata | 500 | |
| | Professional Saving | 1 | |
| | Shine Baal Bachat Khata | - | |
| | Salary Saving | 100 | |
| | S.R.Saving | 1,000 | |
| | Shine Jestha Nagrik Bachat Khata | 100 | |
| | Student Saving | 100 | |
| | Shine Surplus Saving | - | |
| | Social Security Saving | - | |
| | Shine Surakchya Bachat Khata | - | |
| | PF & Gratuity Saving | - | |
| | Mero Bachat Khata | - | |
| | Compulsory Saving | - | |
| | Upakar Fund Saving | - | |
| | Shine Utsav Saving | 100 | |
| | Shine Bachat Khata | - | |
| | Shine Pragati Bachat Khata | 5,000 | 4.00% |
| | Shine Samriddhi Bachat Khata | - | 5.00% |
| | Shine Remittance Bachat Khata | 1,000.00 | 6.00% |
| Call | | Up to 1.50% | |
| Fixed | Tenure | Interest Rate (p.a.) Institutional | Individual |
| | 6 Months to below 1 Year | 3.00% | 4.50% |
| | 1 Year to below 2 Years | 3.25% | 5.50% |
| | 2 Years to below 3 Years | 3.50% | 5.75% |
| | 3 Years to below 4 Years | 3.75% | 6.00% |
| | 4 Years to below 5 Years | 4.00% | 6.10% |
| | 5 Years and above | 4.00% | 6.20% |
| | Akshaya Kosh | Negotiable | |
| Recurring Deposit | | Up to 5.00% (p.a.) | |

| Loan & Advances | Interest Rate (p.a) |
|---|---|
| Subsidized loan under GoN's Subsidy plan | As per NRB Directives |
| Loan against Fixed Deposit | Base Rate or Coupon Rate plus 2% whichever is higher |
| Consortium Loan | As per consortium decision |
| Deprived Sector Wholesale "D" Class Financial Institution | Base Rate + Up to 2.00% Premium |
| All other Loan & Advances | Base Rate + Up to 4.00% Premium |
| **Base Rate (Baisakh 2082)** | **6.86%** |

**Note :** Additional 1% interest rate on remittance Fixed Deposit.

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फुल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखानगर, रुपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

# बुटवल ६ मा अत्याधुनिक किरियापुत्री भवन



बुटवल । बुटवल उप-महानगरपालिका वडा नम्बर ६ ले किरियापुत्री भवन उद्घाटन गर्नुका साथै विभिन्न बिधामा ८१ व्यक्ति तथा संस्थालाई सम्मान गरेको छ । बुटवल चाँदबारीमा ५६ लाखको लागतमा ६ कोठे किरियापुत्री भवन उद्घाटन गरिएको हो । प्रदेश सरकारको २५ लाख तथा नगर र वडा गरेर ३१ लाख बजेटमा निर्माण भएको भवनको शुक्रबार बुटवल उप-महानगरपालिका प्रमुख खेलराज पाण्डेयले उद्घाटन गरे ।

लगत्तै वडा कार्यालयमा आयोजना गरिएको सम्मान कार्यक्रममा सम्पती कर व्यक्तिगततर्फ ५ जना, बहाल कर व्यक्तिगततर्फ ५ जना तथा सम्पत्ती र बहाल कर संस्थागततर्फ २ / २ जना, सामाजिक व्यक्तित्व २० जना, उमभोक्ता समिति ३ वटा, टोल विकास संस्था ८ वटा, संस्थागततर्फ ७ वटा, आमा समूह ७ वटा, धार्मिक संस्था ११ वटा, जेष्ठ नागरिक ३ जना र ३ जना कर्मचारीलाई सम्मान गरिएको हो ।

सो अवसरमा बोल्दै बुटवल उप-महानगरपालिका प्रमुख पाण्डेयले नगरको विकासको लागि बुटवलले अत्यन्तै महत्वपूर्ण कार्यहरु गर्दै आइरेको बताउँदै अहिले प्रतिफल र उपलब्धि देखिने बेला आएको बताए ।

कार्यक्रममा नगर उप-प्रमुख सावित्रादेवी अर्यालले उमहानगरले महिला तथा युवालाई रोजगारसँग जोडेर अगाडि बढेको बताउँदै आवश्यक तालिम माग गरेमा उप-महानगरकै खर्चमा प्रदान गरिँदै आएको बताइन् ।

कार्यक्रममा बुटवल ६ का अध्यक्ष लोकनाथ न्यौपानले आफू निर्वाचित भएर आएसँगै गरेका महत्वपूर्ण गतिविधिहरुको बारेमा जानकारी गराउँदै आगामी आर्थिक वर्षमा समेत वडामा राम्रो बजेट आउनेमा आशावादी रहेको उल्लेख गरे ।

किरियापुत्री भवन उपभोक्ता समिति अध्यक्ष श्यामप्रसाद पाण्डेले भवन उत्कृष्ट अत्याधुनिक भवन बनेको दाबी गरे । सो अवसरमा वडाका अति विपन्न परिवारलाई चामल समेत सहयोग प्रदान गरिएको वडाका कर्मचारी नारायणप्रसाद खनालले जानकारी दिए ।

# ग्रीलजोन बनाएर व्यवसायीलाई सुरक्षाको प्रत्याभूति गराउँछौ : पाण्डेय




बुटवल । बुटवल उप-महानगरपालिका प्रमुख खेलराज पाण्डेयले बुटवलमा ग्रीलग्राम(ग्रीलजोन) निर्माण गरी व्यवसायीलाई सुरक्षाको प्रत्याभूति गराउने प्रतिबद्धता व्यक्त गरेका छन् ।

ग्रील स्टिल तथा आल्मुनियम व्यवसायी संघ रुपन्देहीको आयोजनामा आयोजित ग्रील व्यवसायीहरुका चुनौती एवम् समाधानसम्बन्धी गोष्ठी तथा सुरक्षा र व्यवसाय अभिवृद्धि तालिमको उद्घाटन समारोहमा बोल्दै उनले बुटवल व्यवसायीलाई बचाउनको लागि प्रयासरत रहेको उल्लेख गरे । उनले ग्रीलजोन व्यवस्थापनका लागि ८२ सालमा कतै व्यवस्थापन हुनेमा आफू आशावादी रहेको बताए । उनले यसो हुनसकेमा व्यवसायीको संरक्षण हुनुका साथै एकै स्थानमा ५०० व्यवसायीलाई व्यवस्थापन गर्न सकिने उल्लेख गरे ।

उनले संस्थाले जग्गा प्राप्तिकोलागि पटक-पटक आग्रह गरेकोमा आवश्यक प्रकृयाको लागि अध्यक्षसँग छलफल गरेको बताउँदै जग्गा व्यवस्थापन भएमा भवन निर्माणमा सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे ।

उनले दर्ता नभएका ग्रील व्यवसायीलाई रोक्नको लागि कडाइ गर्न चाहेको उल्लेख गर्दै अनुगमन समितिमा व्यवसायीहरु बस्न आग्रह गरे ।

ग्रील स्टिल तथा आल्मुनियम व्यवसायी संघ रुपन्देही अध्यक्ष बुद्धिप्रसाद गुरुङले ग्रील व्यवसायीहरुका समस्या, चुनौती तथा अवसरका बारेमा उल्लेख गरे ।

उनले व्यवसाय जोखिम तथा शैक्षिक जनशक्तिको अभाव रहेको तथा ढुवानीग्राम बनेमा बुटवलमा नमूना शहर बन्ने अपेक्षा व्यक्त गरे । उनले व्यवस्थापन सीपमा दखल नहुनु, कर तथा कानुनको ज्ञान कमि हुनु, अस्वस्थ प्रतिस्पर्धालगायतका समस्या औंल्याए ।

बुटवल उद्योग वाणिज्य संघका उपाध्यक्ष सुरज भट्टराईले इमान्दारिताले काम गरेमा सफलता प्राप्त गर्न सकिने भन्दै जनशक्ति उत्पादन गर्दै युवालाई स्वदेशमा नै रोक्नेगरी काम गर्नुपर्ने बताए ।

रुपन्देही उद्योग संघका उपाध्यक्ष हरि क्षेत्रीले अवस्थ प्रतिस्पर्धाले व्यवसायीहरुलाई समस्या पर्ने बताउँदै सहज वातावरण बनाएर काम गर्न आग्रह गरे । कार्यक्रममा पूर्व अध्यक्ष नारायण पाठक, सचिव विष्णुबहादुर राना, कोषाध्यक्ष एवं कार्यक्रम संयोजक मदन घर्तीलगायतले बोलेका थिए ।

कार्यक्रममा संघका अध्यक्ष गुरुङले नगरप्रमुख पाण्डेयलाई १८ बुँदे समस्या, १६ बुँदे अवसर र ग्रीलग्राम(ग्रीलजोन) स्थापनाका ३० आवश्यकतासहितको प्रतिवेदन हस्तान्तरण गरेका थिए । सो अवसरमा मणिमुकुन्द सेन उद्यान फूलबारीका सिइयो अन्नत शिलवालले सहजीकरण गरेका थिए ।

कार्यक्रममा आँखा गुमेका शुद्धोधन गाउँपालिकाका व्यवसायी ओम थापा मगरलाई ५० हजार रुपैयाँ सहयोग प्रदान गरिएको थियो । २०६६ सालमा दर्ता भएको संस्थामा रुपन्देही भर १४०० बढी व्यवसायी छन् भने बुटवलमा मात्रै २८४ व्यवसायी छन् ।

# 'सामी' कार्यक्रम थप प्रभावकारी बनाउनुपर्नेमा जोड

भैरहवा । वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित एवम शोषणरहित बनाउन सुरक्षित आप्रवासन (सामी) कार्यक्रम प्रभावकारी भएको पाइएको छ । नेपाल सरकार र स्वीस सरकार बिच भएको द्विपक्षीय सम्झौताअनुसार रुपन्देही जिल्लाका ५ वटा पालिकामा लागु भएको सामी कार्यक्रम वैदेशिक रोजगारमा जानेहरुलाई परामर्श मात्र नभई वैदेशिक रोजगारीको क्रममा अङ्गभङ्ग भएको नेपाली तथा मृत्यु भएकाको हकमा उनीहरुको आश्रित परिवारका लागि पनि राहत एवम् क्षतिपूर्तिमा सहजीकरण गर्दै आएको छ । सामी कार्यक्रमअन्तर्गत जिल्ला प्रशासन कार्यालय रुपन्देहीमा रहेको श्रोत केन्द्रबाट वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुलाई रोजगार प्रक्रिया, कानुनी पक्ष, जोखिम र सावधानीलगायतका आवश्यक जानकारी एवम परामर्श प्रदान गर्दै आएको छ भने समुदाय स्तरमा अभिमुखीकरण, सीप तथा तालिममा पहुँच, कानुनी सहायतामा सहजीकरण गर्दै आएको छ ।

यस्तै पीडित तथा उनीहरुको आश्रित परिवारलाई आर्थिक सहायता सहजीकरण, मनोसामाजिक परामर्श र वित्तीय साक्षरताका कार्यक्रमहरु पनि गर्दै आइरहेको सुरक्षित आप्रवासन सामी कार्यक्रम रुपन्देहीकी संयोजक सीता पन्थ भण्डारीले बताइन् ।

जिल्ला प्रशासन कार्यालय रुपन्देहीको कोठा नम्बर ११ बाट वैदेशिक रोजगारीमा जानेहरुले यो सेवा लिँदै आएको संयोजक भण्डारीले जानकारी दिइन् । शुक्रबार भैरहवामा आयोजित एक कार्यक्रममा चालु आर्थिक वर्षको प्रगति सार्वजनिक गर्दै भण्डारीले ६ हजार १ सय ६ जना महिला तथा १४ हजार ५ सय ७८ जना पुरुष गरी २० हजार ६ सय ८४ जनालाई वैदेशिक रोजगारीसम्बन्धी परामर्श प्रदान गरिएको बताइन् । यस्तै परियोजना सञ्चालन भइरहेको बुटवल उप-महानगरपालिकामा ४८, सिद्धार्थनगर नगर पालिकामा ४८, कञ्चन गाउँपालिकामा ४८ वटा र तिलोत्तमा नगरपालिकामा ८ वटा समुदायमा आधारित गहन अभिमुखीकरण प्रदान गरिएको छ ।

परियोजनामार्फत् वैदेशिक रोजगार बोर्डले प्रदान गर्ने सीप तालिममा १० जना महिला तथा ४ जना पुरुष गरी १४ जनालाई प्रतिनिधित्व गराउनुको साथै १३८ जनालाई कानुनी सहायता प्रदान गरिएको छ । संयोजक भण्डारीका अनुसार यस अवधिमा २३ जना महिला र २५२ जना पुरुषको उजुरी परेकामा १३८ जनाको समाधान गरिएको हो ।

जिल्ला प्रशासन कार्यालय रुपन्देहीमा वैदेशिक रोजगारीमा गएका व्यक्तिहरुको अङ्गभङ्ग, मृत्यु तथा कम्पनी टुटेर फिर्ता आएको बापत रकम २ करोड ६८ लाख ८७ हजार ४ सय ७ रुपैयाँ यस अवधिमा भुक्तानमा सहजीकरण गरिएको परियोजनाको परामर्शकर्ता लक्ष्मी गुप्ताले जानकारी दिइन् । २०७५ सालदेखि नै कार्यालयको खातामा रकम आए पनि व्यक्तिहरुको ठेगानालगायतकाबारे स्पष्ट जानकारीको अभावमा रकम वितरण हुन नसकेको गुप्ताले बताइन् । यस अवधिमा यस्ता व्यक्ति तथा उनीहरुको आश्रित परिवारको खोजी गरि उक्त रकम बुझ्न सहजीकरण गरेको उनले बताइन् । यस्तै बिदेशबाट बिमा बापतको १ करोड ४१ लाख ५५ हजार ७ सय ६३ रुपैयाँ, नेपालबाटै पाउने २ करोड ६८ लाख ९४ हजार ५ सय ७७ रुपैया र ठगीका समस्या सहजीकरण गरी ५० लाख ११ हजार ६ सय २४ रुपैयाँ दिलाउन परियोजनाले सहजीकरण गरेको गुप्ताले जानकारी दिइन् ।

यस अवधिमा बुटवलमा २५, सिद्धार्थनगरमा ३३, तिलोत्तमामा ३१, लुम्बिनीमा ३ र कञ्चनमा ३५ जनालाई मनोसामाजिक परामर्श सेवा प्रदान गरिएको छ । रेमिटेन्स प्राप्त गर्ने व्यक्ति, विशेषगरी महिलाहरुको लागि बचत, लगानी, बजेट बनाउने जस्ता विषयमा वित्तीय कक्षाहरु समेत सञ्चालन गरिएको छ ।

कार्यक्रममा सहभागी पत्रकारहरुले सामी कार्यक्रमलाई थप प्रभावकारी बनाउन र यसबारे आम सर्वसाधारणमा सूचनाको पहुँच बढाउनुपर्ने सुझाव दिएका थिए ।

# प्रशासनिक भवनको उद्घाटन



देवदह । केरवानी खानेपानी उपभोक्ता तथा सरसफाइ संस्था देवदह-१, को प्रशासनिक भवनको उद्घाटन गरिएको छ । लुम्बिनी प्रदेश सरकारको करिव ४५ लाखको लागतमा निर्माण भएको प्रशासनिक भवनको एक कार्यक्रमका बिच रुपन्देही खानेपानी तथा सरसफाइ कार्यालयका प्रमुख इञ्जिनियर राजकुमार चौधरी र खानेपानी उपभोक्ता तथा सरसफाइ महासंघका केन्द्रीय सदस्य अनिषा पौडेलले संयुक्त रुपमा उद्घाटन गरेका हुन् ।

सो अवसरमा बोल्दै इञ्जिनियर चौधरीले स्वच्छ, शुद्ध खानेपानीको लागि तिनैतहको सरकारले पहिलो प्राथमिकतामा राख्नु पर्नेमा जोड दिए । उनले केरवानी खानेपानी क्षेत्रमा आर्सनिक चुनौतीको रुपमा रहेको बताउँदै डिट्युवलको लागि पहल गर्ने प्रतिबद्धता व्यक्त गरे । उनले उपभोक्ता समिति सक्रिय भएमात्र खानेपानी संस्थालाई नमूना बनाउन सकिने बताउँदै कार्यालय व्यवस्थित गर्नको लागि प्रशासनिक भवन आवश्यक रहेको बताए ।

कार्यक्रममा बोल्दै खानेपानी उपभोक्ता तथा सरसफाइ महासंघका केन्द्रीय सदस्य अनिषा पौडेलले खानेपानी संस्थाहरु गैर नाफामूलक संस्था भएकोले राज्यले कर लगाउन नहुनेमा जोड दिइन् । उनले स्वच्छ र शुद्ध खानेपानीको लागि खानेपानी संस्थाहरु सक्रिय भएर लाग्न आग्रह गर्दै खानेपानी संस्थालाई लगाएको करको विरुद्धमा महासंघ लागिरहेको बताइन् ।

उनले खानेपानी संस्थामा देखिएको समस्या समाधान गर्न महासंघ सदैव तयार रहेको बताउँदै महासंघको पहलका कारण विद्युत्मा ५० प्रतिशत छुट गर्न सफल भएको दाबी गरिन् ।

केरवानी खानेपानी उपभोक्ता तथा सरसफाइ संस्था देवदह-१, का अध्यक्ष बोधराज गौडेलको अध्यक्षतामा भएको कार्यक्रममा देवदह-१, का वडाध्यक्ष दिपकप्रसाद नेपाल, २, का वडाध्यक्ष दलबहादुर साकासकोटी, निवर्तमान अध्यक्ष कालुराम थापालगायतले आ-आफ्ना भनाइ राखेका थिए ।

केरवानी खानेपानी उपभोक्ता तथा सरसफाइ संस्था देवदह-१, का उपाध्यक्ष गीता भण्डारीको स्वागत र सचिव दिपक पौडेलको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो ।

# दुई वटा प्राविधिक तालिम सुरु



बुटवल । अटोमोबाइल क्षेत्रका काम गरिरहेका जनशक्तिलाई समयअनुसार परिमार्जित भइरहेका सवारीहरुको प्रविधिको बारेमा जानकारी गराउने उद्देश्यसहित दुईवटा प्राविधिक तालिम एकैसाथ शुरु भएका छन् । बुटवल अटो इञ्जिनियरिङ एसोसिएसन रूपन्देही लुम्बिनीको व्यवस्थापनमा तालिमहरु सुरु भएका हुन् ।

विद्युतीय सवारी साधनसँग सम्बन्धित अटोमोबाइलको १६ दिने तालिमको समापन तथा नयाँ दुई तालिम, इञ्जिन प्रणाली व्यवस्थापन र नेपाली सेनाका जनशक्तिलाई हेवि इञ्जिनियरिङ ईक्वपेन्ट मेकानिक्स एडभान्स तालिम एक समारोहका बिचमा सुरु भएका हुन् ।

तालिम शुभारम्को अवसरमा बोल्दै बुटवल उप-महानगरपालिकाकी उप-प्रमुख सावित्रादेवी अर्यालले तालिमको महत्व झल्काउँदै प्रविधि र वातावरण संरक्षणको दृष्टिले यस्ता तालिम अपरिहार्य भएको बताइन् । उनले समय अनुसारको परिवर्तन आवश्यक रहेको बताउँदै व्यवहारिक ज्ञान भएको ब्यक्ति बेरोजगार तथा भोकै बस्नु नपर्ने उल्लेख गरिन् ।

कार्यक्रममा रूपन्देही उद्योग संघका अध्यक्ष दिलिप सापकोटाले प्रविधि र दक्षता नै आजको युगमा व्यक्तिको पहिचान भएको उल्लेख गर्दै, विद्युतीय सवारी साधन तालिम पुरा गरेका सहभागीलाई बधाई दिए ।

बुटवल अटो इञ्जिनियरिङ एसोसिएसन रूपन्देही लुम्बिनीका अध्यक्ष प्रेम गौचनले सहभागीलाई अवसरको सदुपयोग गर्न आग्रह गर्दै, विद्युतीय सवारीको प्रयोग बढ्दै गएकाले तालिम आवश्यक रहेको जनाए ।

रूपन्देही उद्योग संघ र इन्स्योर परियोजनाको सहकार्यमा स्थापित सीप विकास इकाईको सहयोगमा, बुटवल अटो इञ्जिनियरिङ एसोसिएसन रूपन्देही लुम्बिनीको व्यवस्थापनमा सञ्चालन गरिएको अटोमोबाइलसम्बन्धी १६ दिने (९६ घन्टा) निःशुल्क तालिम भएको थियो । इञ्जिन प्रणाली व्यवस्थापनसम्बन्धी तालिमको पनि रूपन्देही उद्योग संघ र इन्स्योर परियोजनाको सहकार्यमा सञ्चालन हुने छ भने बुटवल अटो इञ्जिनियरिङ एशोसिएशन रुपन्देही लुम्बिनी तथा नेपाल सरकार रक्षा मन्त्रालय नेपाली सेना विद्युत् तथा यान्त्रिक शिक्षालय खरिपाटी भक्तपुरको संयुक्त आयोजना तथा व्यवस्थापनमा हुँदैछ ।

कार्यक्रममा संघका पूर्व अध्यक्ष तथा बुटवल उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष टंकप्रसाद गैरे, संघका उपाध्यक्ष एवं तालिम संयोजक ध्रुवराज भुसाल, महासचिव पुनित पोखरेल, सहभागी अमन लामिछानेलगायतले बोलेका गिए । कार्यक्रममा १५ उद्योगबाट २० जना प्रशिक्षार्थीलाई प्रमाणपत्र वितरण गरिएको थियो ।

नयाँ तालिममा १६ उद्योगका २० जना प्रशिक्षार्थी सहभागी छन् । यता नेपाली सेनाको तालिममा भने १० जना सहभागी रहेको प्राविधिक उप-सेनानी एवं तालिम संयोजक प्रमोद रेग्मीले जानकारी दिए ।

आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !

आइडिया डिजाइनर्स/अफसेट प्रेस

सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com




सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com